# माधवनारायणनगरपालिका
# Madhav Narayan Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

माधोपुर, रौतहट
Madhopur, Rautahat,
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

सम्पर्क : ९८५५०४०८२९
९८५५०४४०२५
९८५५०४०४१७

पत्र संख्या :०८२/०८३
चलानी नं. :
प्राप्त प.सं/च.नं.

**सेवा करार सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/२२**

यस माधव नारायण नगरपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य शाखामा रही कार्य गर्नका लागि सेवा करारमा जनस्वास्थ्य अधिकृत (सातौं) तह पदपुर्ति गरी कामकाज गर्न आ.व.२०८२/०८३ का लागि संघीय सशर्त अनुदान प्राप्त भएकोले वि.सं.२०८३ असार मसान्त सम्म सेवा करार अवधि रहने गरी जनस्वास्थ्य अधिकृत पदमा सेवा करारमा कर्मचारी भर्ना गर्नु परेकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले हासिल गरेको शैक्षिक योग्यता, अनुभव र नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहित यस कार्यालयमा रितपुर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको । |

१. **पदपुर्ती सम्बन्धी अन्य शर्तहरु :**
   क. **उमेरको हद** : दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
   ख. **दरखास्त दिने अवधि** : २०८२/०५/२२ गते देखी मिति २०८२/०६/०५ गते सम्म ।
   ग. **परिक्षाको किसिम** : प्रारम्भिक सूची प्रकाशन, लिखित तथा अन्तर्वार्ता ।
   घ. **तलब स्केल** : प्रचलित कानुन बमोजिम
   ङ. **परीक्षा मिति** : पछि प्रकाशन गरिनेछ ।
   च. दरखास्त पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ ।
   छ. **दरखास्त दस्तुर** : रु.१०००/- राजश्व शाखामा बुझाई रसिद पेश गर्नुपर्नेछ ।
   ज. **दरखास्त दिने स्थान** : प्रशासन शाखा, माधव नारायण नगरपालिकाको कार्यालय, माधोपुर रौतहट ।

२. **दरखास्त पेश गर्नुपर्ने कागजातहरु :**
   क. लिखित निवेदन ।
   ख. नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपि ।
   ग. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।
   घ. सम्बन्धित काउन्सीलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
   ङ. विशेष तालिम वा कार्यानुभव भएमा सो को प्रमाणित प्रतिलिपि ।
   च. पासपोर्ट साइजको फोटो २ प्रति ।

नागेन्द्र राय यादव
नि. प्रमुख प्रशासकिय अधिकृत